अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
माथिल्लो तामाकोशी जलविद्युत आयोजना
ज्ञानेश्वर, काठमाडौं, नेपाल
☎ ४४२१६९४, ४४२०६५८, ४४२०२९५,
फ्याक्स नं. ४४१२५६९

प.लि.द.नं. ९९१/०६३/६४
प.सं./ च.नं.

मिति : २०७६।१२।११

# अत्यन्त जरुरी सूचना

कोभिड-१९ को सम्भावित संक्रमणलाई दृष्टिगत गर्दै नेपाल सरकारबाट अत्यावश्यक सेवा सुचारु गरी मिति २०७६।१२।११ देखि २०७६।१२।१८ गतेसम्म मुलुकभर लक डाउन गर्ने निर्णय भएकोले यस विषम परिस्थितिमा कम्पनी लगायत आयोजनामा कार्यरत कर्मचारीहरुले निम्नानुसार गर्नु गराउनु हुनेछ :

(१) कर्मचारीलाई यथासम्भव आयोजनास्थल आवास तथा कार्यालयमा अलगै बस्ने व्यवस्था मिलाउने। आयोजना तथा कार्यालय परिसरमा बाह्य व्यक्तिहरुको प्रवेश निषेध गर्ने ।

(२) आयोजनाको काममा खटाइएका कर्मचारी बाहेक अन्य कर्मचारीहरु आवश्यक पर्दा उपस्थित हुने गरी हरदम सम्पर्कमा रहने र आफ्नो सुपरीवेक्षकको स्वीकृतिमा आयोजनाको आवास वा घरमै बसी कार्य सम्पादन गर्ने, आ-आफनो सुपरीवेक्षकलाइ समय समयमा फोन तथा मोबाइल फोन सम्पर्कमा निरन्तर रहने गरी बस्ने ।

(३) प्रतिकुल परिस्थितिमा पनि आफ्नो स्वास्थ्यलाई उच्च ख्याल राख्दै आयोजनाको सेवा (निर्माण कार्य तथा अन्य भैपरी आउने काम) लाई निरन्तरता दिन उत्प्रेरित हुने र सबैबाट हरसम्भव प्रयास गर्ने । कुनै पनि कठिन परिस्थिति आएमा वा आउने पूर्वानुमान भएमा आफूभन्दा माथिल्लो अधिकारीमा जानकारी गराउने ।

(४) विद्यमान समयमा नेपाल सरकार र कम्पनीद्धारा जारी गरिएका सूचनाहरु पालना गर्ने, गराउने ।

विज्ञान प्रसाद श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत